# संचारिका
## फिचर सेवा

वर्ष ११ अंक ११ मासिक मंसिर/पुस **November, 2008**



- धरानको भविष्य अन्योलमा : विदेसिए लाहुरे, बढ्यो चिन्ता — **निलिफा सुब्बा**
- युनियनको मारमा उद्योग व्यवसाय : माओवादी भन्छ एउटा गर्छ अर्कै — **तारा वाग्ले**
- ट्रेकिङ नै गुजाराको माध्यम : महिलाको रोजगारीले पालिन्छ परिवार — **भवानी कार्की**
- विजोगमा बाँचिरहेछ सङ्क्रमित बालबालिका — **सन्ध्या शाह**
- बुक बैंक : टऱ्यो पढाइ छाड्ने बाध्यता — **बिन्दु ज्ञवाली**
- सार्की समुदायको पीडा : गुजारा गर्न गाह्रो, पहिचान पनि मेटिँदै — **मनिता ताम्लिङ**
- बालविवाह : सुर्खेतको लाज — **यामु कँडेल**




## सञ्चारिका समूह/नेपाल

# धरानको भविष्य अन्योलमा : विदेसिए लाहुरे, बढ्यो चिन्ता

**बेलायती उच्च अदालतको फैसलाबाट 'विजयी' बनेका भूपू ब्रिटिस गोर्खाहरू आफ्नो थातथलो छाडेर परिवारसहित धमाधम बेलायत छिर्दैछन्। धरानजस्ता लाहुरे बस्तीमा यसको नकारात्मक असर देखिन थालिसक्यो ।**

**निलिफा सुब्बा**

**धरान**/ शशी थापा सुब्बा प्रख्यात समाजसेवी हुन् । धरानमा धेरै सामाजिक काम गरेकी शशी भर्खरै बसाइँ सरेर बेलायत गएकी छिन् । शायद अब उनी धरानमा समाजसेवामा देखिने छैनन् । लाहुरे परिवारकी शशी भन्छिन्, 'छोरीहरूको पढाइ राम्रो हुने अनि अधिकारको लडाइँ जितेर पाएको सेवा-सुविधाको उपयोग गर्न किन नजाने भनेर जान लागेका ।'

रामकुमारी लिम्बूका लोग्ने बेलायतमै बस्छन् । अब परिवारले नै आवासीय भिसा पाउने भएपछि उनी छोराछोरी लिएर केही दिनमै बेलायत उड्दै छिन् । रामकुमारी भन्छिन्, 'छोराछोरीको पढाइ र भविष्यका लागि पनि जानैपर्ने भयो ।' भूपू ब्रिटिस गोर्खाकै श्रीमती मनमाया भने बेलायतमा बसेर काम गर्ने र धेरै पैसा कमाउने आशमा छिन् । बेलायतमा जिन्दगी बिताउने योजना बुन्दै उनले धरानको घर र जग्गा पनि आफन्तलाई दिइसकिन् ।

लाहुरेको सहरका रूपमा पनि चिनिन्छ, धरान । ब्रिटिस गोर्खा सैनिकमा सेवा गरेर सेवानिवृत्त धेरै लाहुरेको बसोबास भएकैले धरान बजारमा लाहुरे-लाहुरेनीको भीड देखिन्थ्यो । तर, अचेल त्यो अवस्था छैन । भेटिएकामध्ये पनि धेरैलाई बेलायत पुग्न हतार छ । यसरी बेलायती उच्च अदालतको फैसलापछि धरानको लाहुरेबस्ती रित्तिन थालेको छ ।

०६५ असोज १४ गते बेलायती उच्च अदालतले भूतपूर्व ब्रिटिस गोर्खा सैनिक र तिनका आश्रित परिवारलाई आवासीय भिसा दिने निर्णय गरेको थियो । बेलायती सैनिकसरह पेन्सन सुविधाको माग गर्दै वर्षौंदेखि कानुनी लडाइँ लड्दै आएका भूपू गोर्खाहरूका लागि अदालतको त्यो फैसला ठूलै जित हो । यसले नेपालका करिब ४४ हजार भूपू गोर्खा र तिनका परिवारलाई बेलायत गएर बस्ने अवसर मिल्ने भयो । धेरै नेपालीको सपना हुनेगर्छ युरोप पुग्नु । लाहुरे परिवारले त त्यहाँ नागरिक नै हुन पाउने भए । उनीहरूका लागि यो ठूलै अवसर र खुसीको विषय भएको छ । तर, यसले नेपालको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा धेरथोर हलचल ल्याएको छ ।

यसो हुनुमा खास कारण छन् । पहिलो, नेपालको सम्पन्न, समृद्ध समुदाय बेलायत भासिने भयो, सँगसँगै दक्ष जनशक्ति पनि । दोस्रो लाहुरे परिवार धमाधम बेलायतको नागरिक बन्न थालेपछि यो समुदायसँग निर्भर आर्थिक, सामाजिक, व्यावसायिक, शैक्षिक क्षेत्रसमेत प्रभावित हुने अवस्था देखिन थालेको छ । उद्योग वाणिज्य सङ्घ सुनसरीका अध्यक्ष अशोक ताम्राकार भन्छन्, 'लाहुरेहरू बेलायत पस्न थालेपछि धरानको नुनदेखि सुनसम्मको व्यापारमा गिरावट आएको छ ।'

लाहुरे परिवार बहिर्गमनको असर धरानमा देखिन थालिसक्यो । सुनचाँदी व्यापार गर्दै आएका मोहनकाजी श्रेष्ठ भन्छन्, 'धरानका लाहुरेहरूको बेलायत बसाइले खाद्य, लताकपडा, जग्गाजमिन, भौतिक निर्माणजस्ता क्षेत्रको व्यापारमा नकारात्मक असर पर्न थालिसक्यो ।' श्रेष्ठका भनाइमा, यहाँको सकसपूर्ण वातावरणले पनि लाहुरेको बहिर्गमनलाई सघाएको हुनसक्छ ।

> लाहुरे परिवार धमाधम बेलायतको नागरिक बन्न थालेपछि यो समुदायसँग निर्भर आर्थिक, सामाजिक, व्यावसायिक, शैक्षिक क्षेत्रसमेत प्रभावित हुने अवस्था देखिन थालेको छ ।

लाहुरे भन्नासाथ नेपालमा हुनेखाने वर्ग मानिन्छ । त्यसैले पनि व्यापारीहरूका लागि उनीहरूको उपस्थितिको महत्व बुझ्न सकिन्छ । राम्रो कमाइ गर्ने मात्रै होइन, राम्रै खर्च पनि गर्ने भएकाले लाहुरेले धरान छाडेपछि त्यहाँको व्यापार-व्यवसाय प्रभावित हुनु अस्वाभाविक होइन । श्रेष्ठ भन्छन्, 'धरानमा पैसा खर्च गर्न सक्ने उपभोक्ता भनेका लाहुरेहरू नै हुन्, उनीहरू नै नरहेपछि धरान के को धरान हुनु नि ?'

धरानमा लाहुरे समुदायलाई नै लक्षित गरेर खोलिएका थुप्रै व्यावसायिक केन्द्रहरू छन् । निर्माण सामग्री बेच्ने हार्डवेयर पसल, डिपार्टमेन्टल स्टोर, सुनचाँदी र गरगहना पसल, पोसाक बिक्री केन्द्र, होटल, रेस्टुरेन्ट, निजी बैंक, प्लस टु, आवासीय बोर्डिङ स्कुल, बुटिक, ब्युटिपार्लर, फेसन डिजाइन कलेज यसमा पर्छन् । लाहुरे समुदायले गर्ने खर्चकै कारण यी व्यवसाय फस्टाएका थिए । अब यी व्यवसायमा पर्ने नकारात्मक असरबारे अहिल्यै अनुमान गर्न सकिन्न ।

भूपू गोर्खा सैनिकहरू देशभरि छरिएका छन् । धरानमा सबैभन्दा लाहुरेको बसोबास छ । भूपू गोर्खा सैनिक सङ्घ (गेसो) का सुनसरी अध्यक्ष गजेन्द्र इस्वो राज्यले गर्ने धेरै काम धरानका भूपू गोर्खाहरूले गर्दै आइरहेको दाबी गर्छन् । इस्वो भन्छन्, 'बाटो, पार्क, ढल निर्माण मात्रै होइन, वनजङ्गल संरक्षणसम्मका काम लाहुरेहरूले गर्दै आएका छन् ।' उनीहरूको बहिर्गमनबाट यहाँको औद्योगिक, सामाजिक र

अन्य क्षेत्रको विकासमा ठूलै असर पर्ने ठम्याइ उनको छ । भन्छन्, 'तर, छोराछोरीको शिक्षा र रोजगारपछि उनीहरू फेरि आफ्नै देश फर्कून् भनेर राज्यले पनि केही पहल गर्नैपर्छ ।'

यो बहिर्गमनले सबैभन्दा ठूलो असर नेपाली अर्थतन्त्रको मेरुदण्ड भनिने रेमिट्यान्समा पर्नसक्छ । किनभने, रेमिट्यान्सको एउटा प्रमुख हिस्सा तिनै लाहुरेको कमाइ हो । राजधानीपछि रेमिट्यान्सको गतिविधि बढी हुने सहर धरान हो । द्वन्द्वकालमा पनि धरानको कारोबारमा ठूलो गिरावट नआउनु रेमिट्यान्सकै भूमिका थियो । तर, पछिल्ला दिनमा धरान भित्रिने रेमिट्यान्समा ५० प्रतिशतले कमी आएको अनुमान गरिएको छ । करिब १० हजार भूपू गोर्खामध्ये आधाजति बेलायत गइसकेका र अरू पनि जानेक्रममा छन् । उनीहरूको बेलायत बसाइले नेपाल भित्रिरहेको मासिक ६५ करोडबराबरको रेमिट्यान्स उतै रहन सक्ने सम्भावना छ । गेसोका इस्वो भन्छन्, 'भूपू गोर्खाका लागि सरकारले दोहोरो नागरिकताको व्यवस्था गरेर भए पनि रेमिट्यान्स रोकिने अवस्था आउनचाहिँ दिनुहुँदैन ।'

पछिल्लो पुस्ताका लागि पढाइ अघि बढाउने, आत्मनिर्भर बन्ने र रोजगारीको बाटो पनि खुल्ने भएकाले उनीहरूका लागि यो अवसर पनि हो । तर, बेलायत बसाइले नकारात्मक प्रभाव पनि पार्नसक्छ । 'युरोपेली वातावरणमा हुर्कने स-साना बालबालिकाले आफ्नो देशको रीतिरिवाज, संस्कृति, धार्मिक र जातीय परम्परा भुल्ने र उनीहरूमा पश्चिमा संस्कृति मात्रै हावी हुने अवस्था आउँछ । यसलाई कुनै मानेमा राम्रो मान्न सकिन्न,' इस्वो भन्छन्, 'बेलायत जानुअघि धेरैले यो विषयमा सोच्न जरुरी छ ।'

अहिले देशमा जातीय आधारमा अधिकार खोज्ने क्रम पनि तीव्र बनेको छ । जनजाति आन्दोलनको ठूलो भार लाहुरेहरूले नै धानेका छन् । लाहुरे समुदायको बहिर्गमनले जनजाति आन्दोलन पनि प्रभावित हुनेछ । प्राध्यापक राजेन्द्र शर्मा थप्छन्, 'कारण जेसुकै भए पनि लाहुरेको बहिर्गमनले यहाँको आर्थिक वातावरणमा ठूलै असर पार्नेछ ।'

■■■

*सञ्चारिका फिचर सेवा / सञ्चारिका समूह*

# युनियनको मारमा उद्योग व्यवसाय : माओवादी भन्छ एउटा गर्छ अर्कै

**आर्थिक क्रान्ति गर्ने माओवादी सरकारको उद्घोष र युनियनका नाममा उद्योग व्यवसाय बन्द गर्दै हिँड्ने उसैका जनवर्गीय संस्थाका गतिविधि साँच्चिकै उदेकलाग्दा छन् ।**

**तारा वाग्ले**

**काठमाडौं**/ मनकामना केबुलकार बन्द भएको एक महिना भयो । माओवादी सम्बद्ध अखिल नेपाल सेक्युरिटी मजदुर सङ्घमा आबद्ध सुरक्षागार्डहरूले तालाबन्दी गरेपछि बन्द भएको केबुलकार कहिले सञ्चालनमा आउने हो, टुङ्गो छैन । धार्मिक पर्यटनका दृष्टिले आकर्षणको केन्द्र मनकामना पुग्ने बाटो एक महिनादेखि बन्द हुँदा पनि यसमा सम्बद्ध पक्ष, सरकार कोही गम्भीर छैनन् ।

गरुड सेक्युरिटी प्रालिबाट मनकामना दर्शन प्रालिमा नियुक्त गरिएका २६ जना सुरक्षागार्डले सुरु गरेको आन्दोलनको मारमा केबुलकार परेको हो । उनीहरूले जबर्जस्ती ताल्चा लगाइदिएपछि केबुलकार ठप्प भएको छ । तर, केबुलकार बन्द गराउनुभन्दा दुई दिनअघि अर्थात् २२ कात्तिकमा ती गार्डहरूलाई गरुड सेक्युरिटी कम्पनीले निष्कासन गरिसकेको थियो । उनीहरूलाई मनकामना प्रालिसँगको सम्झौतामा गरुडले सन् २००७ जनवरीमा एक वर्षका लागि करारमा नियुक्त गरेको थियो । त्यसरी नियुक्त गरिएका सुरक्षागार्डहरूले एकाएक सम्झौता र कम्पनीको नियमविपरीत तलब वृद्धि, बोनस, स्थायी नियुक्तिलगायतका माग राखेर आन्दोलन सुरु गरे । गरुड सेक्युरिटी कम्पनीका प्रबन्ध-निर्देशक सबलचन्द्र शाह नियम र सम्झौता मिचेर जथाभावी गरेकाले उनीहरूलाई निष्कासन गरिएको बताउँछन् । उनी भन्छन्, 'एक वर्ष पहिले हाम्रो कम्पनीको नियमअनुसार उनीहरूलाई करारमा नियुक्ति दिएका हौं, बीचमा उनीहरूको मागबमोजिम सहयोग पनि गर्‍यौं । तर, अहिले नियम र सम्झौता मिचेपछि निष्कासन गरिएको हो ।'

**माओवादी नेताहरूले भित्रभित्र मजदुरलाई उचालेर उद्योग व्यवसाय नै ध्वस्त पार्ने काम गरिरहेका छन् । बाहिरचाहिँ राष्ट्रिय अर्थनीति, औद्योगिक क्रान्ति, उद्योगको सुरक्षा र प्रवर्द्धनको आदर्श भाषण छाँट्छन् ।**

बर्खास्त गरिएका तिनै गार्डहरूले केबुलकार बन्द गराएका हुन् । सरकारले सेक्युरिटी कम्पनी खोल्न अनुमति दिने, राजस्व उठाउने तर त्यहाँ परेका समस्याप्रति मौन बस्ने गरेकाले यो अवस्था आएको उनको ठम्याइ छ । भन्छन्, 'व्यवसाय नै तहसनहस हुनेगरी भइरहेका मजदुरका आन्दोलन साम्य पार्न सरकार नै लाग्नुपर्छ ।' गरुड सेक्युरिटी कम्पनीबाट बर्खास्त भएका सुरक्षागार्डले केबुलकार बन्द गराएकाले यसप्रति कम्पनी जवाफदेही हुन चाहेको देखिँदैन । सुरक्षागार्डलाई उक्साउने माओवादी सम्बद्ध अखिल

नेपाल सेक्युरिटी मजदुर सङ्घले पनि घोषित रूपमा आन्दोलनको समर्थन गरेको छैन । देशको एकमात्र केबुलकार बन्द गराउने पार्टीको उद्देश्य नरहेको तर सुरक्षागार्डका माग भने जायज रहेको सङ्घको ठहर छ । सङ्घका अध्यक्ष घनश्याम ठकुरी भन्छन्, 'आन्दोलनको तरिका राम्रो भएन तर ठेकेदारी, ज्यालादारी र करार प्रथाको अन्त्य गराउने खालका माग राख्नु भने उचित छ ।'

उनी ठेकेदारी, ज्यालादारी र करार प्रथा अन्त्य गर्ने माओवादीको दीर्घकालीन नीति रहेको र त्यसैअनुसार, सबै ठाउँबाट यस्ता प्रथा अन्त्यका लागि सरकारले नयाँ कानुन बनाउनुपर्ने बताउँछन् । उनको यो भनाइले पर्दाबाहिर माओवादी निकट मजदुर सङ्घको संलग्नता नदेखिए पनि पर्दाभित्र भने उनीहरू खेलिरहेको बुझ्न सकिन्छ । केबुलकारमा जारी आन्दोलन मनकामना प्रालि र गरुड सेक्युरिटी मिलेर साम्य पार्नुपर्ने ठान्छन् उनी । भन्छन्, 'ठेकेदारी, ज्यालादारी र करार प्रथाको अन्त्य गराउन आन्दोलन गर्नुपरेको हो, त्यसका लागि कि उठाइएका माग पूरा गर्नुपर्‍यो कि एउटा गतिलो निकास खोज्नुपर्‍यो ।' तर, यो अपरिभाषित 'गतिलो निकास' के हो कसैले बताउन सकेको छैन ।

मनकामना केबुलकार प्रकरण एउटा उदाहरण मात्रै हो । मजदुरलाई उत्तेजित बनाई अनेकथरी बखेडा झिकेर उद्योग-व्यवसाय नै ध्वस्त पार्ने खेल अहिले देशभर नै सुरु भएको छ । मजदुर या कर्मचारी युनियनका नाममा त्यस्ता कामको अगुवाइ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा माओवादीले नै गरेको छ । हेटौंडादेखि वीरगन्जसम्म चलिरहेका उद्योगधन्दा बन्द प्रकरणलाई त्यही रूपमा हेर्न सकिन्छ । माओवादीको पछिल्लो रवैयाले क्रुद्ध बनेका एकजना पर्यटन व्यवसायी भन्छन्, 'माओवादी नेताहरूले भित्रभित्र मजदुरलाई उचालेर उद्योग व्यवसाय नै ध्वस्त पार्ने काम गरिरहेका छन् । बाहिरचाहिँ राष्ट्रिय अर्थनीति, औद्योगिक क्रान्ति, उद्योगको सुरक्षा र प्रवर्द्धनको आदर्श भाषण छाँट्छन् ।'

उद्योग-धन्दामा सुरु भएको मजदुर र कर्मचारीको हस्तक्षेपका अन्य असर पनि छन् । ११ वर्षदेखि सञ्चालित केबुलकार बन्द हुँदा राजस्वमा असर परेको छ । केबुलकार सञ्चालनबाट राज्यले पाउने राजस्वबाहेक कुल आम्दानीबाट वार्षिक पाँच लाख रुपैयाँ स्थानीय मनकामना गाविसको विकासमा पनि खर्च गरिन्थ्यो । मनकामना दर्शन प्रालिका निर्देशक लक्ष्मणबाबु श्रेष्ठका अनुसार, गाविसले पनि वार्षिक ५० लाख रुपैयाँ सहयोग गर्नुपर्ने माग राखी सुरक्षागार्डको आन्दोलनलाई समर्थन गरेको छ । गाविसबाटै सम्झौताविपरीतको माग राखिएपछि झन् ठूलो दबाब खेप्नुपरेको दुःखेसो गर्दै निर्देशक श्रेष्ठ भन्छन्, 'समस्या सुल्झाउन सहयोग गर्ने स्थानीय निकाय नै समस्या बल्झाउन लागेपछि उद्यमी-व्यवसायीको काम गर्ने मनोबल कसरी बढ्ने ?'

मजदुर या कर्मचारी युनियनका नाममा औद्योगिक र व्यापारिक संस्था धराशायी बनाउने क्रम बढ्दो छ । यसबाट सञ्चारमाध्यम पनि अछुतो रहन सकेनन् । भर्खरैमात्र सञ्चारगृह हिमाल मिडियामा मा कर्मचारी युनियनकै विषयलाई इस्यु बनाएर आक्रमण गर्ने प्रयास भएको छ । हिमाल खबरपत्रिकाको काठमाडौं माइतीघरस्थित वितरण केन्द्रमा मङ्सिर १ गते रातको १० बजे अज्ञात समूहले आक्रमण गरी पाँच हजार प्रति पत्रिका जलाउनु र त्यसअघि ८ कात्तिकमा मिडियाकै प्रमुख कार्यकारी अधिकृत आशुतोष तिवारी चढेको गाडीमा ढुङ्गा प्रहार हुनुबाटै प्रस्ट हुन्छ, युनियनको मार जताततै पर्न थालेको छ ।

हिमाल मिडियामा माओवादीको मजदुर सङ्घ आबद्ध कर्मचारी युनियन गठन गर्नुपर्ने माग उठेको तर मिडियाको व्यवस्थापन पक्षले प्रचलित कानुनबमोजिम मात्रै गठन गर्नुपर्ने बताएपछि त्यसको आक्रोशमा आक्रमण भएको हुनसक्ने बताइन्छ । हिमाल मिडियाका प्रमुख कार्यकारी अधिकृत आशुतोष तिवारी भन्छन्, 'हिमाल मिडिया कर्मचारी युनियनमैत्री छ, जुनसुकै युनियन गठन गरिए पनि आपत्ति छैन तर, कानुन मिचेर र जबर्जस्ती गठन हुनुभएन ।' युनियनको निहुँमा हिमालमा भएको आक्रमण स्वतन्त्र प्रेसमाथिकै ठाडो हस्तक्षेपसमेत भएको बताउँदै कार्यकारी सम्पादक किरण नेपाल भन्छन्, 'युनियन वा जसको नाममा भए पनि कानुन र प्रेस स्वतन्त्रताविरुद्ध काम बन्द हुनैपर्छ ।'

प्रभावशाली सञ्चारगृहमा आक्रमण हुँदा पनि गृहप्रशासन मौन बस्दै आएको छ । सञ्चारगृहप्रति त यस्तो बेवास्ता गरिएको छ भने अन्यत्रका उद्योग व्यापारको अवस्था के होला, सहजै अनुमान गर्न सकिन्छ । उद्योग-धन्दा तहसनहस पार्नेगरी अनावश्यक माग राखेर एकपछि अर्को आक्रमण हुँदै जाँदा पनि राज्य चुपचाप बसेपछि उद्यमी व्यवसायी चिन्तित छन् । अब प्रश्न उठ्छ, आर्थिक क्रान्ति गर्ने माओवादीको उद्घोष र उसैका जनवर्गीय संस्थाका यी गतिविधिको तालमेल कसरी मिल्नसक्छ ?

■■■

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

# ट्रेकिङ नै गुजाराको माध्यम : महिलाको रोजगारीले पालिन्छ परिवार

**सानैदेखि ट्रेकिङमा नै अभ्यस्त भएकोले उत्तरी दोलखाका महिलालाई पदयात्रामा गाइड वा सहयोगी भएर हिँड्नु कुनै कठिन काम हो जस्तो लाग्दैन ।**

✍ **भवानी कार्की**

**दोलखा**/ जिल्लाको उत्तरी दुर्गम सिमीगाउँका घरहरूमा यतिबेला बूढाबूढी र केटाकेटी मात्र छन् । तीमध्ये धेरैजसो घरकुर्नेमा पुरुष छन् । कतिपय त घर नै बन्द छन् । द्वन्द्व वा कुनै विपत्तिले गाउँ छाड्नेको सङ्ख्या धेरै भएर सुनसान भएको होइन । यी गाउँका महिलाको रोजगारीको मौसम हो यो ।

हिमाली क्षेत्र भएकोले जमिनमा उब्जाउ ज्यादै थोरै हुन्छ । खेतीको कमाइले मुस्किलले तीन महिना पनि खान पुग्दैन । लाग्छ, यहाँ भोकमरी चर्को होला, तर वास्तविकता भिन्दै छ । यहाँका बासिन्दा बाहिरबाट कमाएर गुजारा गर्छन् । त्यसमा पनि कमाउनेमा पुरुषको तुलनामा महिला अगाडि छन् । महिला रोजगारी नै यहाँका परिवार गुजाराको मुख्य माध्यम हो । उमेर नढल्किएका महिला काममा गएपछि बूढाबूढी र पुरुष घर कुरेर बसेका हुन् ।

सदरमुकाम चरिकोटबाट २२ कोस टाढाको सिमीगाउँका महिलाको रोजगारीको माध्यम हो 'ट्रेकिङ' । अहिले पर्यटकीय मौसम भएकोले ट्रेकिङ नजाने घर प्रायः छैनन् । त्यसमा पनि पुरुष मात्र होइन महिला पनि ट्रेकिङ गएका छन् । खेतमा धान नफले पनि कमाइका दृष्टिले मङ्सिरको चटारो नै छ उनीहरूलाई ।

भारी बोक्ने, पथप्रदर्शक, भान्से, स्पेयर काम गर्छन् विदेशी पदयात्रीको समूहमा उनीहरू । 'यहाँका मानिसको मुख्य पेसा नै ट्रेकिङ हो, यतिबेला ट्रेकिङ गएको कमाइले अर्को मौसम नआउञ्जेल घरखर्च चलिहाल्छ,' छिरिङदिकी शेर्पा भन्छिन्, 'पुरुषले मात्रै काम गर्ने महिलाले घर हेर्ने अन्यत्रजस्तो छैन यहाँ । यहाँ महिला ट्रेकिङ गएपछि पुरुषले खेतीपाती, वस्तुभाउ सम्हालेर बसेका छन् ।' त्यसरी ट्रेकिङ गएका महिलाले पनि पुरुषले गर्ने सबै काम गर्छन् । 'अलि पढेकाले गाइडको काम गर्छन् । नपढेकाहरू भारी बोक्ने काम गर्छन्' उनले भनिन् ।

> **सानैदेखि ट्रेकिङमा नै अभ्यस्त भएकोले यहाँका महिलालाई पदयात्रामा सहयोगी भएर जान कुनै कठिन काम जस्तो लाग्दैन ।**

यहाँका बासिन्दाको पुर्ख्यौली पेसा नै हो ट्रेकिङ । सगरमाथाको खुम्बु र अन्नपूर्ण दुवै क्षेत्रमा ट्रेकिङ गइसकेकी छिरिङले भनिन्, 'सानैदेखि ट्रेकिङमा नै अभ्यस्त भएकोले यहाँका महिलालाई पदयात्रामा सहयोगी भएर जान कुनै कठिन काम जस्तो लाग्दैन ।'

नेपालको समय प्रामाणिक केन्द्रबिन्दु गौरीशङ्कर हिमालको तलपट्टि छ सिमीगाउँ । गौरीशङ्कर क्षेत्रको पदमार्ग मात्र नभएर सगरमाथा क्षेत्रको पदयात्रीले समेत हिँड्ने नाका हो सिमीगाउँ । यस वर्ष पर्यटकको आगमन निकै बढ्न थालेपछि यसअघि काम पाइएन भन्नेहरू पनि काममा गएको बताउँछिन् स्थानीय युवती छोकी शेर्पा । उनका अनुसार यस गाउँबाट मात्रै ७० जनाभन्दा बढी महिला यतिबेला ट्रेकिङमा छन् ।

सिमीगाउँकी माइली तामाङले गएको वर्ष ट्रेकिङबाट ६० हजार रुपैयाँ कमाएकी थिइन् । उनी यस वर्ष झन् धेरै कमाउनेमा सुरमा छिन् । 'पर्यटक बढेका छन्, अहिले त काम पनि दाम पनि बढी भइहाल्छ,' तामाङ भन्छिन् । उनी अहिले पनि जर्मनी पर्यटकहरूको ग्रुपमा भारी बोक्दै छिन् । उनी भन्छिन्, 'झोला, पाल, खानेकुरालगायतको ५० देखि ६० किलोको सामान बोकेर दिनमा चारदेखि सात घन्टा विदेशीहरूसँग हिँडिन्छ ।' उनीसँगै उनका श्रीमान् पनि त्यसैगरी हिँड्छन् ।

यसै वर्ष समावेशी हिमाल आरोहणमा सगरमाथाको चुचुरोमा पुग्नेमध्ये तीनजना सिमीगाउँकै थिए । पुजन आचार्य, नीमडोमा शेर्पा र पेम्बादिकी शेर्पाको घर नजिक-नजिकै छ । 'ट्रेकिङका बारेमा घर, गाउँ सबैतिर बच्चैदेखि कुरा सुनेर नै उनीहरूको रुचि बढेको थियो । ट्रेकिङ व्यवसाय राम्ररी बुझेको परिवार र समाज भएकोले नै उनीहरूले यो सफलता पाएका हुन्,' छोकीले सुनाइन् ।

गौरीशङ्कर पदमार्गमा पहिलेभन्दा केही पूर्वाधारहरूको निर्माण पनि भएको छ । पूर्वाधारहरू बनेको पछिल्लो अवस्थाले यस क्षेत्रमा पर्यटक बढेका छन् । अन्नपूर्ण, खुम्बु, लाङटाङतर्फ पर्यटक बढी जाने भएकोले उतै जानुपर्ने बाध्यता पनि बिस्तारै कम हुँदैछ । गौरीशङ्कर पदमार्ग क्षेत्रमा विगत १० वर्षदेखि काम गर्दै आएको रोल्वालिङ पर्यावरणीय पर्यटक विकास परियोजना, इको हिमालले पूर्वाधारहरू निर्माण गरिदिएको छ । सुविधाजनक आवासका लागि सामुदायिक लज बनाइदिएको छ । बाटोघाटोको मर्मतसुधार, पुल पुलेसा निर्माण, ट्रेकिङ रुट आसपासका गाउँमा शौचालय र पिउने पानीसमेत इको हिमालले बनाइदिएपछि पर्यटकलाई धेरै सुविधा भएको छ । 'पदमार्गमा सुविधा भएपछि पर्यटक बढ्ने अनि त त्यसको फाइदा स्थानीयले पाउने नै भए,' छोकी भन्छिन् ।

परियोजनाका संयोजक गोविन्द आचार्यका अनुसार हाल गौरीशङ्कर-रोल्वालिङ पदमार्ग आसपासका तीन हजार

परिवारले ट्रेकिङबाट वार्षिक सरदर ४० देखि ६० लाख रुपैयाँ आम्दानी गर्ने गरेका छन्। आगामी दुई वर्षमा पदमार्ग आसपासका पाँच हजार परिवारले वार्षिक आम्दानी ७० लाखदेखि एक करोड पु¥याउने आर्थिक तथ्याङ्क परियोजनाले प्रक्षेपण गरेको छ।

परियोजनाले दोलखाका विगु, चिलङ्खा, लादुक, ओराङ, लामाबगर, गौरीशङ्करलगायतका १० वटा र सिन्धुपाल्चोकको कर्थली, घोर्थलीमा सामुदायिक लज बनाएर समुदायलाई हस्तान्तरण पनि गरिसकेको छ। इको हिमाल परियोजनाका प्रमुख रामेश्वर खड्का यो पदमार्गलाई सही रूपमा सदुपयोग गर्न सकेमा सिमीगाउँलगायत पूरै भेगको आर्थिक विकासले क्षेत्रीय अर्थतन्त्रको सुधार गर्ने बताउनुहुन्छ।

गैरसरकारी संस्थाको पहलमा पदमार्ग केही सहज भए पनि सरकारी उपेक्षाका कारण गौरीशङ्कर क्षेत्र ओझेलमै छ। सरकारले पूर्वाधार बनेको पदमार्गलाई प्राथमिकता दिएर पर्यटन प्रवर्द्धन गरेमा सिमीगाउँलगायतका हिमाली क्षेत्रका बासिन्दाको जीवनस्तर सुधार हुने देखिन्छ।

■■■

*सञ्चारिका फिचर सेवा / सञ्चारिका समूह*

# विगोगमा बाँचिरहेछन् सङ्क्रमित बालबालिका

## आमाबाबुका कारण एचआईभी सङ्क्रमित बनेका बालबालिकाहरू विजोगै-विजोगमा बाँचिरहेका छन्। तर, यसमा राज्य र गैरसरकारी संस्था कसैको ध्यान पुगेको देखिँदैन।

**सन्ध्या शाह**

**बाँके**/ भर्खर १२ वर्षमा पाइला टेक्दै गरेकी यशोदा तिमिल्सेनालाई ठूलो भएर डाक्टर बन्ने र समाजको सेवा गर्ने इच्छा छ। त्यसैले हुनसक्छ, ७ कक्षामा पढ्ने उनी पढाइमा पनि खुबै ध्यान दिन्छिन्। यशोदा एचआईभी सङ्क्रमित बालिका हुन्, डाक्टर बनेर एचआईभी पोजिटिभहरूको उपचार गर्न चाहन्छिन् उनी। तर, उनको डाक्टर बन्ने इच्छा पूरा हुन भने गाह्रो मात्रै होइन, असम्भवजस्तै छ।

बाबु र आमा दुवै एड्सरोगी भएकाले उनी जन्मजातै एचआईभी सङ्क्रमित हुन्। दुई वर्षअघि एड्सका कारण बुबा पुष्पराजको मृत्यु भइसकेको छ, आमा पनि गाउँबाटै निकालिएकी छिन्। उनी अहिले नेपालगन्जमा सङ्क्रमित बालबालिकाका लागि खुलेको महिला तथा बाल राहत केन्द्रको आश्रयमा छिन्। नेपालगन्जको फुल्टेक्रा माविमा ७ कक्षामा पढ्ने चाँजोपाँजो पनि उनलाई केन्द्रले नै मिलाइदिएको छ।

> केन्द्रमै बसेर सरकारी विद्यालयमा पढिरहेका कतिपय सङ्क्रमित बालबालिकालाई आफ्नै साथीहरूले एड्स लागेको भनेर जिस्क्याउने र कक्षाकोठामा बस्नै नदिनेसम्मका व्यवहारसमेत गर्दछन्।

अर्की सङ्क्रमित १२ वर्षीया सुभद्रा पुडासैनी पनि उक्त केन्द्रमा बस्छिन्। उनको घर पनि बर्दिया नै हो। एचआईभी सङ्क्रमित भएपछि उनका बाबुआमा घरबाटै लखेटिए। सहाराविहीन बनेकी उनलाई केन्द्रले उद्धार गरेर आश्रय दिएको हो। उनी पनि फुल्टेक्रा माविमा ७ कक्षामा पढ्छिन्। लक्ष्य उनको पनि धेरै पढेर डाक्टर बन्ने र समाजसेवा गर्ने नै हो। भन्छिन्, 'डाक्टर बनेर एचआईभी भएका र गरिब मानिसको उपचार गर्छु।' तर, डाक्टर बनुन्जेल उनलाई कसले पाल्ने र पढाइदिने हो- थाहा छैन।

कैलाली टीकापुरका पाँच वर्षीय बालक कृष्ण रावत जन्मजातै एचआईभी सङ्क्रमित छन्। एड्स भइसकेका बाबुको तीन वर्षअघि मृत्यु भयो। आमा पनि सङ्क्रमित छिन्। लोग्नेको मृत्युपछि घरपरिवार र छिमेकीले तिरस्कार गरेपछि आमाछोरा अहिले नेपालगन्जको उक्त केन्द्रमा शरण लिइरहेका छन्। 'घरमा खानलाउन पुग्दैनथ्यो, कमाउन भारत गइरहने लोग्ने उतैबाट एचआईभी बोकेर आएछन्,' एक्लो छोरो कसरी हुर्काउने भन्ने चिन्तामा रहेकी कल्पना भन्छिन्, 'म जसरी बाँचे पनि छोरो राम्रोसँग हुर्काउन पाए हुन्थ्यो।' उनी आफैं पनि बिमारीले थलिँदै गएकी छिन्। अब मरिने नै भयो भन्ने पक्का भएपछि उनी पहिलेजस्तो सङ्कोच मानेर बस्दिनन्। छोराको जिन्दगी बनाउन सहयोगका लागि विभिन्न संस्थामा धाइरहेकी कल्पना भन्छिन् 'छोराका लागि केही गरिदिन पाए हुन्थ्यो, कतैबाट सहयोग पाइँदैन।'

नयाँ नेपाल निर्माणको बहस भइरहेका बेला हरेक क्षेत्रबाट अधिकारका मुद्दा उठिरहेका छन्। धेरैले अब बन्ने संविधानमा आफ्नो अधिकार सुनिश्चित हुनुपर्ने आवाज उठाउँदै आएका छन्। तर, रोग, भोक, शोक र सबैतिरबाट हेयभावले सताइएका एचआईभी सङ्क्रमितका आवाज भने बलियोसँग उठेको छैन। सङ्क्रमितमध्ये पनि कलिला बालबालिकाको झनै विजोग छ। उनीहरूका बारे राज्यदेखि

अन्य सङ्घसंस्थासमेतको पर्याप्त ध्यान पुग्न सकेको देखिँदैन । यही कारण निराश बनेकी कल्पना भन्छिन्, 'हाम्रा लागि त सरकारले केही सोचेन, बाबुआमा नभएका टुहुरा केटाकेटीबारे त केही गरिदिए हुन्थ्यो ।'

धेरैको चाहना एचआईभी सङ्क्रमणमा परेर बिचल्लीमा परेका बालबालिकाका लागि राज्यले केही गरिदेओस् भन्ने छ । बाँच्न पाउने र पढ्न पाउने अधिकार सबैको हुन्छ । तर, एक-दुई अपवादलाई छाड्ने हो भने सङ्क्रमितले सहजरूपमा बाँच्न पाएका छैनन्, पढ्ने कुरा त परै जाओस् । तन्विप्रिया केन्द्रले अहिले पाँचजना एचआईभी सङ्क्रमित बालबालिकालाई आश्रय दिएको छ । उनीहरूको खाने, बस्ने र १० कक्षासम्म पढ्ने व्यवस्था त्यहीँ हुन्छ । एचआईभी सङ्क्रमित बाबुआमाबाट जन्मेका तर एचआईभी नभइसकेका १६ जना अन्य बालबालिका पनि यहाँ छन् । अर्को गैरसरकारी संस्था नवकिरण प्लसले नेपालगन्जमा दुईजना सङ्क्रमित बालबालिकालाई आश्रय दिएको छ । यसबाहेक सङ्क्रमित बालबालिकाका लागि काम गर्ने निकाय र सङ्घसंस्था पश्चिम नेपालमा छैनन् भने पनि हुन्छ । तन्विप्रिया महिला तथा बाल राहत केन्द्र खोल्न ठूलै सङ्घर्ष गर्नुपरेको थियो । यस अभियानका अगुवा वरिष्ठ चिकित्सक तथा गैरसरकारी संस्था एन सार्कका अध्यक्ष डा. जीराज शाक्य भन्छन्, 'आश्रयविहीन सङ्क्रमित बालबालिकाको घर हो यो । यसलाई मोडलका रूपमा लागू गर्न सकियोस् भनेर हामीले खोलेका हौं । तर, न हामीलाई सहयोग आयो न अन्यत्र कसैले यस्तो पहल नै गरे ।'

सङ्क्रमित भएको थाहा पाएपछि समाजले गर्ने हेला र तिरस्कारको कुनै लेखाजोखा छैन । तन्विप्रिया केन्द्रमै बसेर सरकारी विद्यालयमा पढिरहेका कतिपय सङ्क्रमित बालबालिकालाई आफ्नै साथीहरूले एड्स लागेको भनेर जिस्क्याउने र कक्षाकोठामा बस्नै नदिनेसम्मका व्यवहारसमेत गर्दछन् । त्यस्तै दुर्व्यवहार खेपिरहेकी एक बालिका भन्छिन्, 'कहिलेकाहीँ त स्कुल जानै छाडिदिऊँ कि जस्तो लाग्छ ।' तन्विप्रिया केन्द्रकी वार्डेन रमा खनाल सुरुसुरुमा त सङ्क्रमित भनेर विद्यालयले नै उनीहरूको भर्ना नगरिदिएको तीतो अनुभव सुनाउँछिन् । उनी भन्छिन्, 'जिल्ला प्रशासन कार्यालयलाई गुहारेपछि मात्रै उनीहरूले भर्ना गर्न माने ।'

सङ्क्रमित बालबालिकामध्ये अधिकांश एकदमै विपन्न परिवारका छन् । घरमै बसेर पालिने र पढाइ अघि बढाउने उनीहरूको क्षमता नै छैन । सङ्घसंस्थाहरू पनि समस्याभन्दा आफ्ना कार्यक्रममा बढ्ता केन्द्रित हुने गर्दछन् ।

भारतबाट काम गरेर फर्कनेमध्ये कतिपय एचआईभी सङ्क्रमित भएर फर्कन्छन् । त्यसपछि उनीहरूका श्रीमतीले जन्माउने सन्तानमध्ये धेरैजसो बालबालिका एचआईभीको चपेटामा पर्छन् । उपचारको भरपर्दो व्यवस्था नभएको र एचआईभी सङ्क्रमित भएको सार्वजनिक भए घरपरिवार र समाजमा विभिन्न लान्छना सहनुपर्ने डरले गर्दा धेरैजसो मानिस स्वास्थ्य परीक्षण गर्न चाहँदैनन् । यसले गर्दा उनीहरू छिट्टै मृत्युवरण गर्न पुग्छन् र धेरै बालबालिका सङ्क्रमितसँगै बेसहारा पनि बन्ने गर्दछन् । सङ्क्रमितहरूमा पनि बालबालिकाको सङ्ख्या धेरै छ । एचआईभी एड्स रोकथामका लागि प्रचारप्रसार गर्ने भन्दै सरकार र विभिन्न सङ्घसंस्थाले ठूलो धनराशि खर्च गर्दै आए पनि सङ्क्रमित बालबालिकालाई लक्ष्यित गरेर अहिलेसम्म धेरै कार्यक्रम आएका छैनन् ।

अभिभावक गुमाएर विजोगमा बाँचिरहेका सङ्क्रमित बालबालिकाका लागि अहिलेसम्म कसैको पनि ध्यान नपुग्नु चिन्ताको विषय हो । डा. शाक्य भन्छन्, 'यो अब स्वास्थ्य क्षेत्रको मात्रै सरोकारको विषय होइन ।'

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

# बुक बैंक, टर्‍यो पढाइ छाड्ने बाध्यता

**किताब किन्न नसकेर बीचैमा पढाइ छाड्ने र विद्यालय जानै नपाउने गुल्मीका बालबालिकाको समस्या समाधान गरिदिएको छ- किताब सङ्कलन गरेर निःशुल्क वितरण गर्ने स्थानीय 'बुक बैंक'ले ।**

**बिन्दु ज्ञवाली**

**गुल्मी**/ दुई वर्षअघि कक्षा ६ मा पढ्दापढ्दै गुल्मीको बम्घावादीकी रिना विश्केल (सार्की) लाई बाआमाले पढाइ छुटाइदिए । धेरै छोराछोरी, कमजोर आर्थिक अवस्था, स्कुल पढाइराख्न सकिने अवस्थै भएन । पढ्नलाई किताब, कापी नभइभएन । दुईछाक जोर्न पनि धौ-धौ हुने परिवारले उनका लागि किताब जोहो गर्न सकेनन् । परिणाम, रिनाले पढाइ छोड्नैपर्‍यो ।

तर, किताब किन्न नसकेरै रिनाले पढाइ छोड्नुपरेन । उनको पढ्ने इच्छा भएकोले होला, उपाय पनि गजबको जुर्‍यो । गुल्मी, रानीबासमा रहेको बुक बैंक नेपालले उनलाई पढ्न किताब सापटी दियो । रिना फेरि स्कुल जान थालिन् । पढाइमा खुबै मेहनत गर्ने रिना अहिले कक्षाकै उत्कृष्ट विद्यार्थीमा गनिन्छिन् । रिनाका बा हर्कबहादुर भन्छन्, 'टाठी थिई, पढ्न भनेपछि हुरुक्कै हुन्थी । सबैले पढाइको तारिफ गर्थे । तर, मन भए पनि बल्लतल्ल आँसु रोकेर पढ्न छुटाएका थियौं । हाम्रा आँसु बुक बैंकले पुछिदियो ।'

अभाव र गरिबीले पढाइ छाड्न बाध्य गुल्मीका रिनाजस्ता धेरै बालबालिका फेरि विद्यालय जान थालेका छन् । किताब किन्न नसकेर पढाइ नै छाड्नुपर्ने बाध्यता लगभग टरेको छ । गरिब तथा विपन्न परिवारका

बालबालिकालाई किताबको जोहो बुक बैंक नेपालले गरिदिन थालेपछि किताब किन्न नसकेर विद्यालय भर्ना हुन नसकेका धेरै बालबालिका अहिले विद्यालय जान थालेका छन् । गरिब, असहाय, दलित र अपाङ्गसमेत गरी जिल्लाका करिब दुई हजार दुई सय विद्यार्थी अहिले बुक बैंककै कारण विद्यालय जान पाएका छन् । उनीहरू सबैसँग बुक बैंकले उपलब्ध गराइदिएका किताब छन् । स्कुले बालबालिकालाई त सहयोग पुगेको छ, कलेजसम्मका विद्यार्थीलाई पनि किताब सापटी दिन सहज गराउने उद्देश्यले बुक बैंकले अहिले गुल्मीका २७ गाविसमा आफ्ना उपशाखा विस्तार गरेको छ ।

**प्रक्रिया सुन्दा नै बुझ्न सकिन्छ, बुक बैंकले कति सजिलो र व्यवस्थित तरिकाले किताबको जोहो गरिदिनेरहेछ । सुरुमा दुईजना शिक्षकले ल्याएका हुन्, बुक बैंकको अवधारणा ।**

पढाइबाट वञ्चित बालबालिकालाई पढ्ने अवसर जुराइदिने बुक बैंकले किताब सापटी कसरी दिन्छ त ? बैंकका अध्यक्ष कृष्णप्रसाद ज्ञवाली किताब सापटी दिन प्रत्येक स्कुलमा एउटा बुक बैंक उपसमिति नै बनाइएको बताउँछन् । विद्यालय व्यवस्थापन समिति, गाविस प्रतिनिधि, विद्यालयका छात्र, छात्रा, बैंक प्रतिनिधि, दलित, महिलासमेतको सहभागितामा समिति बनेको हुन्छ । त्यस विद्यालयमा पढ्न चाहने वा पढ्दै आएका तर किताब किन्न नसक्ने विद्यार्थीले किताब चाहियो भनेर समितिमा निवेदन दिनुपर्दछ । समितिले विशेषतः महिला, दलित, असहाय र गरिब विद्यार्थीलाई छनोट गर्दछ । छनोट गरेका विद्यार्थीलाई १० रुपैयाँमात्र शुल्क लिई एक वर्षका लागि किताब उपलब्ध गराइन्छ । शैक्षिक सत्र सकिएपछि उनीहरूले किताब फिर्ता गर्नुपर्छ । अध्यक्ष ज्ञवाली भन्छन्, 'कुन विद्यार्थीलाई किताब कति खाँचो छ भन्ने थाहा पाउन र विद्यार्थीलाई किताब लिन-दिन पायक पार्न हामीले २७ वटै विद्यालयमा उपसमिति बनाएका हौं । किताब दिन र लिन सजिलो होस् भनेर किताब वितरणको सम्पूर्ण अधिकार पनि समितिलाई नै दिएका छौं ।'

प्रक्रिया सुन्दा नै बुझ्न सकिन्छ, बुक बैंकले कति सजिलो र व्यवस्थित तरिकाले किताबको जोहो गरिदिनेरहेछ । सुरुमा दुईजना शिक्षकले ल्याएका हुन्, बुक बैंकको अवधारणा । गरिब बालबालिकालाई किताब साटासाट प्रक्रिया अपनाएर पढ्ने अवसर जुराउने उद्देश्यले गुल्मी रानीबासको जनबोध उच्चमाध्यमिक विद्यालयका दुईजना शिक्षक कृष्णप्रसाद ज्ञवाली र अस्ट्रेलियन भोलेन्टियर डिर्क इम्ब्रेर तथा तीनजना विद्यार्थी मिलेर ०५८ मा बुक बैंक खोलेका थिए । सुरुमा त्यस विद्यालयमा पढ्ने ६-१० कक्षासम्मका गरिब, अपाङ्ग, दलित र छात्रालाई किताब सापटी दिने उद्देश्य राखिएको थियो । तीन विद्यार्थीबाट तीनथान पुराना किताब पाएपछि बुक बैंकको काम सुरु भएको थियो । अहिले बैंकमा दुई हजार दुई सयभन्दा बढी किताब छन्, गुल्मीका २७ गाविसका मावि, निमावि र प्राविसमेतमा किताब किन्न नसक्ने विद्यार्थीलाई ती किताब वितरण गरिएको छ । दुई वर्षअघिदेखि उमाविका किताबहरू पनि त्यसैगरी वितरण गर्न थालिएको छ ।

बुक बैंकका कोषाध्यक्ष रमेश ज्ञवालीका अनुसार, विभिन्न सङ्घसंस्थाबाट सहयोग लिएर विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा पनि सहयोग गर्न थालिएको छ । अस्ट्रेलियन राजदूतावासले विभिन्न समयमा रु. तीन लाख आठ हजार, गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजनाले ३५ हजार, जिविस गुल्मीले ५० हजार, दिगाम, बम्घा, रिमुवा, बलेटक्सारलगायतका गाविसले पाँच/पाँच हजार रुपैयाँ सहयोग गरेका छन् । स्थानीय समाजसेवी र क्लबबाट पनि सहयोग रकम जुट्ने गर्दछ, जनबोध उमाविका विद्यार्थीले आफूले पढेको पुस्तक सहयोगसमेत गर्छन् । विद्यालयबाट पाएको एउटा कोठालाई 'बुक बैंक' बनाइएको छ । ज्ञवाली भन्छन्, 'सबैतिरबाट सहयोग पाउनले नै यसलाई जिल्लाभर विस्तार गर्न सकिएको हो ।'

बुक बैंकलाई अहिले जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा दर्ता गरी संस्थाकै रूप दिइएको छ । यसका नाममा रु. एक लाख १६ हजारको अक्षयकोष पनि खडा गरिएको छ । अझ थप कार्यक्रम विस्तारका लागि पर्याप्त बैंक ब्यालेन्स पनि राखिएको छ । त्यही रकममध्येबाटै किताब किनेर सापटी दिने काम पनि गरिन्छ ।

अध्यक्ष ज्ञवाली अब सुविधासम्पन्न कार्यालय खोलेर पुस्तकालय बनाउने र धेरै मानिसमा ज्ञानको दायरा फराकिलो पार्न सघाउने सोच बनेको बताउँछन् । किताब साटासाट गर्ने कामको सुरुवात गरेर हजारौं बालबालिकालाई पढाइबाट वञ्चित हुनबाट जोगाएको र समाजलाई प्रत्यक्ष फाइदा पुग्ने उदाहरणीय काम गरेको भन्दै सबैतिरबाट बुक बैंकको प्रशंसा गर्न थालिएको छ । गुल्मीको सोही क्षेत्रबाट निर्वाचित सभासद् तथा एमाले नेता प्रदीप ज्ञवाली भन्छन्, 'सरकारले गर्न नसकेको काम गुल्मीका शिक्षाप्रेमीले गरेर देखाएका छन् ।'

■■■

*सञ्चारिका फिचर सेवा /सञ्चारिका समूह*

# सार्की समुदायको पीडा : गुजारा गर्न गाह्रो, पहिचान पनि मेटिँदै

## जुत्ता-चप्पल बनाएर गुजारा गर्ने पुर्ख्यौली पेसा धान्दै आएका संखुवासभाका सार्की गुजाराको सङ्कट र पहिचान मेटिने दुवैखाले भयले आक्रान्त छन् ।

मनिता चाम्लिङ

**संखुवासभा**/ बीस वर्षदेखि जुत्ता सिलाएर परिवार पाल्दै आएका खाँदबारी अर्चलेका भक्तबहादुर सुनार अहिले ४८ वर्षका भए । यतिका वर्षसम्म त जुत्ता सिलाउने पुर्ख्यौली पेसाबाटै जसोतसो गुजारा चल्यो तर अब गाह्रो हुन थाल्यो । किनभने प्रविधिको विकासले उनीजस्ता पुर्ख्यौली पेसाबाट धानिएकालाई समस्या पर्न थालेको छ । आधुनिक प्रविधिको विस्तारका कारण परम्परागत पेसा/व्यवसाय प्रभावित हुन थालेका छन् । त्यही भयो भक्तबहादुरलाई । जुत्ता बनाउने सीप त सिकेका छन् उनले, तर आधुनिक जुत्ताको व्यापार गर्ने पुँजी भएन । त्यसैले पुर्ख्यौली पेसा नै छाड्नुपर्ने अवस्थामा पुगे उनी ।

> पुर्ख्यौली पेसाको अस्तित्व नै नमेटियोस् भनेर कहिलेकाहीँ जुत्ता बनाउँछु तर, यसैबाट पालिने उपाय छैन । पुर्खाको अस्तित्व जोगाइराख्न १७ वर्ष पुगेका छोरा नवीनलाई पनि उनले जुत्ता सिलाउने काममै लगाएका छन् ।

गुजाराका लागि उनले अर्केको अधियाँ बाली लगाउन सुरु गरेका छन् । पुर्ख्यौली पेसाको अस्तित्व नमेटियोस् भनेर कहिलेकाहीँ फुर्सद निकालेर जुत्ता पनि सिलाउँछन् । हरेक शनिबार खाँदबारीमा लाग्ने हाटमा पुराना र फाटेका जुत्ता बनाउन सानो पसल थाप्न पुग्छन् । केही कमाइ पनि हुन्छ, त्यो पर्याप्त छैन । पुर्ख्यौली पेसाले भोग्नुपरेको विजोगले चिन्तित भक्त भन्छन्, 'पुर्ख्यौली पेसाको अस्तित्व नै नमेटियोस् भनेर कहिलेकाहीँ जुत्ता बनाउँछु तर, यसैबाट पालिने उपाय छैन ।' पुर्खाको अस्तित्व जोगाइराख्न १७ वर्ष पुगेका छोरा नवीनलाई पनि उनले जुत्ता सिलाउने काममै लगाएका छन् । नौ कक्षामा पढिरहेका नवीनले पढाइ खर्चसम्म जुत्ता सिलाएरै जुटाउँछन् ।

भोजपुर प्याउलीका २४ वर्षीय ललित बयलकोटी पनि जुत्ता सिलाउने कामबाटै गुजारा गर्छन् । तर, उनलाई यसको आधुनिक सीपबारे भने ज्ञान छैन । नयाँ जुत्ता व्यवसाय सञ्चालन गर्न पुँजीको पनि अभाव छ । जसोतसो गुजाराका लागि उनी पनि खाँदबारीको शनिबारे हाट पुग्छन् । कहिलेकाहीँ त आम्दानी ठीकै हुन्छ तर, धेरैजसो खालीहात नै फर्कनुपर्ने बाध्यता छ । भन्छन्, 'धेरैजसो त बसेरै चित्त बुझाउनुपर्छ ।'

विशुंके, मग्राती, रोक्का, तोलाङ्गी, बयलकोटी, मजाकोटी, पुर्कुटी, रम्तेल, धौलाकोटी र कमर आदि उपजातका सार्की समुदायको पुर्ख्यौली पेसा छालाको जुत्ता, खुकुरीको दाप, मादल आदि बनाउनु हो । तर, पछिल्लो दिनमा यसमा भएको आधुनिकीकरणले उनीहरूको पेसा नै सङ्कटमा परेको छ । आधुनिकीकरणमा सामेल हुन उनीहरूसँग पुँजी पनि छैन । फलतः पुर्ख्यौली पेसाबाटै हात धुनुपर्ने बाध्यता आउन थालेको छ । भक्तबहादुर भन्छन्, 'सीप भएर मात्रै के गर्ने, पुँजी नभए केही गर्न नसकिँदोरहेछ ।'

तर, प्रविधिको विकासलाई अङ्गाल्ने र केही पुँजी पनि हुनेहरूले चाहिँ यो पेसाबाट राम्रै आम्दानी गर्न थालेका छन् । खाँदबारी-१ का चक्रबहादुर विशुंके एउटा उदाहरण हुन् । पेसामा आएको आधुनिकीकरणले उनको आम्दानीको दायरा नै फराकिलो बनाइदिएको छ । चक्रबहादुरले ०४२ सालदेखि नयाँ जुत्ता बनाउने व्यवसाय सुरु गरेका हुन् । उनलाई आधुनिक सीपबारे राम्रो ज्ञान छ । त्यसअनुसार चाहिने पुँजी पनि लगानी गरेर लेडिज, जेन्ट्स र बच्चाहरूको जुत्ता बनाउने काम सुरु गरेपछि जीविकोपार्जनमा सङ्कट व्यहोर्नुपरेको छैन । उनले खाँदबारी बजारमै आधुनिक डिजाइनका जुत्ता-चप्पल बनाउने कारखाना खोलेका र बेच्नका लागि आधुनिक सजावटसँगै जुत्ता-चप्पलको पसल नै खोलेका छन् ।

एसएलसीसम्म अध्ययन गरेका चक्रबहादुरले जुत्ता व्यवसायबाटै ६ जनाको परिवार मज्जाले पालेका छन् । त्यति मात्रै होइन, उनले सातजना मानिसलाई रोजगारीसमेत दिएका छन् । जेठी छोरीलाई ल्याब टेक्नेसियन र कान्छीलाई स्टाफ नर्स पढाउँदै छन् । पेसाप्रति सन्तुष्ट चक्रबहादुर भन्छन्, 'समयको मागअनुसार चल्न सके आफ्नै पुर्ख्यौली पेसाबाट पनि बाँच्न सकिँदोरहेछ ।'

जुत्ता-चप्पल बनाउन चाहिने कच्चा पदार्थ छाला सार्की समुदायले धरानदेखि, विराटनगर, चाइनाको खासा र भारतको आग्राबाट ल्याउँछन् । छाला प्रतिफुट रु. २४० देखि ३०० सम्म पर्छ । चक्रबहादुरले मात्रै वर्षभरिमा २० लाख रुपैयाँसम्मको छाला किन्ने गर्दछन् । उनको उद्योगमा दैनिक ८-९ जोर जुत्ता तयार हुन्छन् । उत्पादित जुत्तालाई बजारको समस्या छैन । 'बनाएजति जुत्ता स्थानीय बजारमै खपत हुन्छ,' उनी भन्छन् । यहाँबाट उत्पादित लेडिज तथा जेन्ट्सका साधारण तर आधुनिक चप्पलको मूल्य एक जोरको रु. १५० देखि ५०० सम्म र जुत्ताको रु. ६०० देखि एक हजार पाँच सयसम्म पर्छ ।

खाँदबारी- १ का ३३ वर्षीय तिलक विशुंकेले पनि जुत्ता-चप्पल बनाउने आधुनिक सीप सिकेका छन् । चक्रबहादुरझैं

आफ्नै कारखाना नभए पनि जुत्ता-चप्पल बनाएर उनले राम्रै आम्दानी गरेका छन् । एक वर्षदेखि खाँदबारी बजारमा आधुनिक डिजाइनका लेडिज, जेन्ट्स र बच्चाका जुत्ताहरू बनाउँदै आएका तिलक रोजगारीका लागि मलेसिया पनि पुगेका थिए । तर, आफ्नै ठाउँमा राम्रो कमाइ गर्न थालेपछि उनले परदेश जाने विचार त्यागिदिएका छन् । उनी भन्छन्, 'गरे यहीँ पनि हुनेरहेछ । अर्काको देशमा गुलामी गर्न किन जाने ?' जुत्ता-चप्पल बनाएरै उनले पाँचजनाको परिवार पालेका छन् ।

चक्रबहादुर र तिलक पुर्ख्यौली पेसाबाटै पनि राम्रो कमाइ गरेर समुदायकै लागि उदाहरणीय बनेका छन् । तर, उनीहरू केही अपवादमात्रै हुन सक्छन्, जसले आधुनिक सीपसँगै पुँजी पनि लगानी गर्न सके र पुर्ख्यौली पेसाबाटै जीविकोपार्जनको आधार खोजे । तर, परम्परागत रूपमा जुत्ता-चप्पल बनाउने र त्यसैबाट गुजारा गर्ने पुर्ख्यौली पेसा गर्दै आएका सार्की समुदायका धेरै मानिसको अवस्था उनीहरूजस्तो छैन । उनीहरूसँग न सीप छ न लगानी गर्ने पुँजी नै । परिणाम, हिजो अन्य सीप नसिकेको र शिक्षामा पनि पहुँच नभएका तर, पुर्ख्यौली पेसाका रूपमा जुत्ता-चप्पल बनाएर जीविकोपार्जन गर्दै आएका सार्की समुदायलाई अहिले गुजाराको समस्या मात्रै आइलागेको छैन, पुर्ख्यौली पेसाको अस्तित्व नै मेटिने भयले सताएको छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बालविवाह : सुर्खेतको लाज

**सुर्खेतमा मात्रै प्रतिवर्ष एक हजारको हाराहारीमा बालिकाको विवाह हुने गरेको एउटा अध्ययनले देखाएको छ । यो सामाजिक लाज छोप्न अहिले सुर्खेतका सरकारी र गैरसरकारी निकाय बालविवाह रोक्ने अभियानमा कसिएका छन् ।**

**✍ यामु कँडेल**

**सुर्खेत**/ 'सानी छँदा छरछिमेकी र आफन्तले तिमी राम्री छ्यौ भन्दै तारिफ गर्थे । त्यही सुन्दरता आज मलाई अभिशाप भयो,' यसो भनिरहँदा मुना भण्डारीका आँखामा आँसु टल्पलाउँदै थिए । सात कक्षामा पढ्दै गर्दा १३ वर्षको उमेरमा आमाबुबाले बिहे गरिदिएपछि सुरु भएको जिन्दगीका दुःख सुनाउँदै थिइन् उनी । बिहेको एक वर्षमै लोग्ने कामको खोजीमा भारत गएपछि उनको जीवनको कहालीलाग्दो क्षण सुरु भएको रहेछ ।

लोग्ने परदेश गएपछि सासूससुराले राम्रो व्यवहार गर्न छाडे । त्यसपछि इज्जत जाने डरले माइतीमा पनि उनले शरण पाइनन् । बिहे भएको दुई वर्ष नबित्दै लोग्नेले अर्की स्वास्नी ल्याएपछि त उनले बाँच्नु नै धिक्कार ठानिन् । छतबाट हामफालेर आत्महत्या गर्ने प्रयास पनि गरिन् एकपल्ट । तर, काल आएन । बाल्यावस्थामा विवाह र त्यसलगत्तै बहुविवाहको पीडा खेपेकी मुना भन्छिन्, 'पढेको भए अहिलेसम्म बीए पास गरिसक्ने थिएँ, बिहे गर्नाले मेरो जिन्दगी बर्बाद भयो ।'

सानैमा बिहे भए पनि उनी पढाइलाई निरन्तरता दिन चाहन्थिन् । बिहेपछि त्यस्तो वातावरण नै भएन । लोग्नेले सौता भित्र्याएपछि त उनले नयाँ जिन्दगीको आश नै मारिन् । त्यहीबेला सुर्खेत बजारमा कपडा सिलाउने पेसा गर्दै आएका एकजना युवासँग हिमचिम बढ्यो र केही समयपछि बिहेसमेत भयो । तर, सुखी जीवन बिताउने उनको चाहनामा अर्को बज्रपात भयो । उनले जोसँग दोस्रो बिहे गरिन् उसको पहिल्यै बिहे भइसकेको रहेछ । त्यसपछि उनी पूरै बेसहारा जीवन बिताउन बाध्य छिन् । आँखाभरि आँसु पार्दै उनी भन्छिन्, 'बेलामा बुद्धि नपुऱ्याउँदा जिन्दगी बर्बाद भयो । कसैले मेरोजस्तो बर्बादी भोग्नु नपरोस् ।'

आठ वर्षको उमेरमा बाबुआमाको साथ गुमाएकी जैसरा जैसीको पीडा मुनाकै जस्तो छ । बाबुआमा नभएपछि जेठी दिदीको घरमा आश्रय पाएकी जैसराको जीवन बर्बादीको सुरुवात पनि त्यही घरबाटै भयो । १५ बर्ष नपुग्दै भिनाजुले १५ वर्ष जेठोसँग बिहे गरिदिए । एक वर्षमै छोरा जन्मियो । त्यसको एक वर्षपछि लोग्नेले अर्को बिहे गरेर उनलाई घरबाटै निकालिदिए । बेसहारा भएपछि उनी फेरि दिदीकै घर पुगिन् । तर, चार-पाँच दिनपछि नै भिनाजुले फेरि एकजना वृद्धसँग बिहे गराइदिए । त्यसको पाँच महिना बित्दा-नबित्दै त्यो लोग्नेले पनि कुट्न थाल्यो । 'अति भएपछि मैले त्यो घर पनि छाड्नुपऱ्यो,' पीडादायी विगत सुनाउँदै उनी भन्छिन्, 'म पूरै बेसहारा छु, सुखी जीवन के हो भन्ने मैले भोग्नै पाइनँ ।'

मुना र जैसराको जीवनको खुसी खोसिनुको प्रमुख कारण हो बालविवाह । अनुमान गर्न सकिन्छ शिक्षा र चेतनाले अन्यत्र बालविवाहका घटना कम हुन सक्छन् । तर, सुर्खेतका ग्रामीण क्षेत्रमा यसको कुनै असर देखिँदैन । युनिसेफले हालै गरेको एक सर्वेक्षणअनुसार, नेपालमा सबैभन्दा बढी बालविवाह हुने जिल्लामध्येमा सुर्खेत पनि पर्छ । यहाँका गैरसरकारी संस्थाहरूका अनुसार, सुर्खेतमा

हरेक वर्ष करिब एक हजार बालिकाहरूको उमेर नपुगी विवाह हुने गर्दछ । तीमध्ये आधाभन्दा बढीको जीवन घरेलु हिंसाकै कारण बर्बाद हुने गरेको छ । नेपालमा कुल विवाहको ३४ प्रतिशत विवाह १५ वर्षभन्दा कम उमेरमा हुने र सुर्खेतमा यो सङ्ख्या अधिक रहेको बताइन्छ ।

बालविवाहले केटा र केटी दुवैको जीवनमा असर पार्ने भए पनि केटीहरूको जीवनमा यसले झनै दूरगामी प्रभाव पार्ने गर्छ । अनिच्छित गर्भधारण, स्वास्थ्य समस्या र परिवारबाट निकालिनेसम्मको समस्या केटीले बालविवाहकै कारण भोग्नुपर्छ । पढ्ने अवसर पनि यसले खोसिदिन्छ । पश्चिम सुर्खेतको तातापानीस्थित जनसिर्जना माध्यमिक विद्यालयका प्रधानाध्यापक बलबहादुर बोहोरा भन्छन्, 'विवाहपछि धेरै विद्यार्थीले पढाइ छाड्छन्, अभिभावक पनि यसमा चिन्तित देखिँदैनन् ।'

कानुनले नै बालविवाहलाई निषेध गरेको छ । यति धेरै बालविवाहका घटना हुने सुर्खेतमा यसबारे उजुरी भने निक्कै थोरै पर्छन् । महिला-बालबालिकामाथि हुने हिंसाविरुद्ध कार्यरत स्थानीय गैरसरकारी संस्था आवाजमा पछिल्लो दुई वर्षमा जम्मा सातवटा मात्र बालविवाहका उजुरी दर्ता हुनुले त्यसको पुष्टि गर्दछ । दुई वर्षयता सम्पर्कमा आएका विवाहपछि घरेलु हिंसापीडित महिलाको सङ्ख्या भने पाँच सय नाघेको छ । त्यसमध्ये एकतिहाई महिला बालविवाहकै कारण हिंसाको सिकार बनेको दाबी संस्थाका कार्यक्रम संयोजक पवित्रा शाही गर्छिन् । उनी भन्छिन्, 'हिंसा भएपछि मात्रै सहयोग गुहार्दै आउने भएकाले धेरै घटनाबारे थाहा नै हुँदैन ।'

गलत सामाजिक संस्कार बालविवाहको प्रमुख कारण हो । धेरैजसो बालिकाले देखासिकी, प्रलोभन र करकापमा परेर विवाह गर्ने र उनीहरू नै हिंसाको सिकार हुने गरेका छन् । हिँसापीडित महिलाका लागि खोलिएको सेल्टरमा बस्ने धेरैजसो महिला बालविवाह हुँदै घरेलु हिसाबाट पीडित भएको बताउँछन् । यस्तैमध्येकी एक भन्छिन्, 'केहीलाई छाड्ने हो भने बालविवाहले सबैजसो बालिकाको जीवन जोखिममा पारिदिएको छ ।'

**महिला-बालबालिकामाथि हुने हिंसाविरुद्ध कार्यरत स्थानीय गैरसरकारी संस्था आवाजमा पछिल्लो दुई वर्षमा जम्मा सातवटा मात्र बालविवाहका उजुरी दर्ता हुनुले त्यसको पुष्टि गर्दछ ।**

महिला हक हेल्प लाइन सुर्खेतकी अधिवक्ता रमा प्याकुरेल बालविवाह पीडितहरू कानुनी उपचारका लागि आउन नसकेको बताउँछिन् । यस वर्ष हिंसासम्बन्धी आएका तीन सय ५० घटनाका निवेदनमध्ये ८५ जना बालविवाहपीडित महिलाका थिए ।

धेरैजसो अभिभावकको सहमतिमा बालविवाह हुने भएकाले हिंसा जोडिएका यस्ता घटनाको उजुरी नै पर्दैन । परिहाले पनि मिलापत्रमा टुङ्गिन्छ । खर्चिलो न्याय-प्रणाली र झन्झटिलो प्रक्रियाले धेरैजसो पीडित महिला न्याय खोज्न आउनै चाहँदैनन् । जिल्ला प्रहरी कार्यालय सुर्खेतमा दुई वर्षयता बालविवाहको एउटै उजुरी नपर्नु त्यसको भरपर्दो उदाहरण हो । प्रहरी निरीक्षक अनन्त शर्मा भन्छन्, 'अभिभावकको समेत मञ्जुरीमा विवाह हुने र सामाजिक बेइज्जतका कारण पनि यस्ता मुद्दा प्रहरीसम्म आउँदैनन् ।'

गैरसरकारी संस्थाहरूले सुर्खेतलाई बालविवाहमुक्त जिल्ला बनाउने अभियान चलाएका छन् । सरकारलाई बालविवाह उन्मूलनका लागि ठोस नीति तथा कार्यक्रम तयार गर्न दबाब दिने, जिल्लाभर अन्तरक्रिया, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै उनीहरूले बालविवाह उन्मूलन सम्भव छ भन्ने नारासमेत तय गरेका छन् । नमुनाको रूपमा सुरु गरिएको अभियानले सुर्खेत बालविवाहमुक्त जिल्ला हुने समाज जागरण केन्द्र (स्याक) का टिमलिडर टीकाराम आचार्य बताउँछन् । प्रमुख जिल्ला अधिकारी बलदेव भट्ट भन्छन्, 'दुई वर्षभित्र सुर्खेतबाट बालविवाह उन्मूलन गर्नेगरी अभियान सुरु गरेका छौं ।' यसको परिणामका लागि कम्तीमा दुई वर्ष पर्खनुको विकल्प पनि छैन ।

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९/५५४६७१५
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@gmail.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह